# भिमाद नगरपालिका
**BHIMAD MUNICIPALITY**
## नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
भिमाद, तनहुँ
Bhimad, Tanahun
२०७३/2073

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं./Ref No.:२०७९/०८०
च.नं./Des No.:

**भिमाद नगरपालिका क्षेत्रभित्रको भू उपयोग (कृषि/गैर कृषि क्षेत्र) वर्गीकरण सम्वन्धी अत्यन्त जरुरी सूचना ।**

प्रथम पटक प्रकाशित मितिः २०७९/०७/२४ गते

प्रस्तुत विषयमा भू उपयोग ऐन, २०७६ तथा नियमावली, २०७७ मा भएको व्यवस्था र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयवाट विभिन्न मितिमा प्राप्त पत्र समेतको आधारमा गठित स्थानीय भू उपयोग परिषदको मिति २०७९/०७/२३ गतेको वैठकको निर्णयानुसार भिमाद नगरपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण जग्गाहरुको भू उपयोग (कृषि र गैरकृषि क्षेत्र) वर्गीकरण गर्नको लागि देहायका कागजातहरु संलग्न गरी सम्वन्धित वडा कार्यालयहरुले तोकेको स्थानमा जग्गाधनी स्वयं वा निजको एकाघरको हकदार परिवार सदस्य अनिवार्यरुपमा उपस्थित भई यथार्थ विवरण मिति २०७९/०८/१५ गते भित्र उपलव्ध गराउनु हुन भिमाद नगरपालिका क्षेत्र भित्र जग्गा हुने सम्पूर्ण जग्गाधनीहरुलाई सूचित गरिन्छ । यो सूचनाको म्यादभित्र आफ्नो जग्गाको विवरण उपलव्ध नगराएमा सो जग्गाको वर्गीकरण स्थानीय भू उपयोग परिषदको वैठकवाट निर्धारण हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

संलग्न गर्नुपर्ने कागजातहरुः-

१. जग्गाधनी पूर्जा,
२. जग्गाधनीको नागरिकताको प्रतिलिपि,
३. जग्गाधनीको हकदारको नागरिकताको प्रतिलिपि,

पुनश्चः यो सूचनामा उल्लेख भए वाहेकका विषयमा प्रचलित ऐन, नियमावली, कार्यविधि तथा नगरकार्यपालिका र स्थानीय भू उपयोग परिषदको निर्णय बमोजिम हुनेछ ।
थप जानकारीको लागि सम्पर्कः- अमिन श्री सरोज गैहे, ९८५६०२१४९२

२०७९/७/२४

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत